# स्थानीय राजपत्र

## राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**मसुरिया, देउखुरी, दाङ, प्रदेश नं. ५**

**स्थानीय सरकारद्वारा प्रकाशित**

**भदौ १० गते** **२०७६ साल** **संख्या : २६**


# भाग- १

## शिक्षा ऐन

*प्रमाणीकरण मिति २०७६ साउन २८ गते*

नेपालको संविधानको धारा २२१ बमोजिमको गाउँसभाले धारा २२६ बमोजिम अनुसूची ८ को क्र.स. ८ को आधारभूत र माध्यमिक शिक्षाको कार्यान्वयन तथा व्यवस्थापका लागि बनेको ऐन ।

**प्रस्तावना :**

राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न राप्ती गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले, राप्ती गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम 'राप्ती गाउँपालिका शिक्षा ऐन, २०७६' रहेको छ ।

(२) यो ऐन राप्ती गाउँपालिकाभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'प्रारम्भिक बालविकास शिक्षा' भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) 'प्राथमिक शिक्षा' भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(च) 'सभा' भन्नाले राप्ती गाउँपालिकाको सभालाई सम्झनुपर्छ ।

(छ) 'गाउँपालिका' भन्नाले राप्ती गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ज) 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) 'संस्थागत विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) 'आधारभूत विद्यालय' भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ट) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ठ) 'विद्यालय' भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ड) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ण) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(थ) 'आधारभूत शिक्षा उत्तिर्ण परीक्षा' भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(द) 'अनुमति' भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) 'स्वीकृति' भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(न) 'स्थायी आवासीय अनुमति' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा(डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(प) 'आयोग' भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :

(१) कुनै नेपाली नागरिकले राप्ती गाउँपलिका क्षेत्रभित्र विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यस सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. विद्यालयको सञ्चालन :

विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

(५) विज्ञान, गणित, ऐच्छिक गणितलगायतका विषयहरू क्रमशः अंग्रेजी भाषामा

अध्ययन/अध्यापन गराउँदै लगिनेछ ।

६. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :

(१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन ।

७. गाउँ शिक्षा समिति :

(१) गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक गाउँ शिक्षा समिति रहनेछ ।

(२) गाउँ शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. वडा शिक्षा समिति :

(१) गाउँपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. परीक्षा सञ्चालन तथा समन्वय समिति :

(१) राप्ती गाउँपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

१०. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यस्थापन समिति रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. गाउँपालिकाले निर्देशन दिन सक्ने :

(१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति वडा शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१२. गाउँ शिक्षा कोष :

(१) गाउँपालिकामा एउटा गाउँ शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकाररप्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) गाउँसभा र गाउँ कार्यपालिकाको निर्णयानुसार प्राप्त रकम

(ग) शिक्षा करबाट उठेको रकम

(घ) चन्दाबाट उठेको रकम

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१३. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

गाउँपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

१४. विद्यालयको सम्पति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पति मानिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही गुठीको नाममा रहनेछ ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

१५. विद्यालयलाई छुट र सुविधा :

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन ।

१६. विद्यालयको वर्गीकरण :

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१७. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न

तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

१८. शुल्क सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

१९. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था :

(१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ,

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ,

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको व्यहोरा प्रमाणित भएमा ।

(छ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले सस्थागत विद्यालयमा शेयर लगानी गरी त्यस्ता विद्यालयलाई प्रोत्साहन गरेको प्रमाणित भएमा,

२०. स्थायी आवासीय अनुमति लिन नहुने :

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

२१. शैक्षिक योग्यता :
विद्यालय शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२२. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :
गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

२३. बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :
(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।
(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।
(३) उपदफा १ र २ बमोजिम गरेको पाइएमा कानून बमोजिम कारवाही हुनेछ।

२४. शिक्षकको सरुवा :
(१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ।
(२) शिक्षकको सरुवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :
नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुनेछैन।

२६. अध्यापन अनुमति पत्र लिनुपर्ने :
(१) आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउनेछैन।
(२) तर विज्ञान विषय, प्राविधिक धार सञ्चालन गरेका विद्यालयमा प्राविधिक धारका विषयहरु, संगीत, कला र खेलकुद विषयमा अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक उपलब्ध हुन नसकेमा गाउँपालिकाले अस्थायी अध्यापन अनुमतिपत्रको तोकिए बमोजिमको परीक्षा सञ्चालन हुनेछ। त्यस्तो अध्यापन अनुमतिपत्र राप्ती गाउँपालिकाभित्र मात्र लागु हुनेछ।

२७. विद्यालय कोष :
(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन् :
(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान
(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान

(ग) शुल्कबाट प्राप्त अनुदान
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान
(ङ) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :

(१) राप्ती गाउँपालिकाभित्र कसैले पनि गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्यूशन वा कोचिङ सेन्टर सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. प्रारम्भिक बालविकास शिक्षा :

(१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३०. अनौपचारिक शिक्षा :

गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :

गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

३२. प्रगति विवरण बुझाउनु पर्ने :

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरणसहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ।

३३. दण्ड र सजाय :

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिमकोर बराबर जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा

त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

३४. अदालतको आदेशबाट पुनःबहाली हुनसक्ने :

विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

३५. मुद्दा हेर्ने अधिकारी :

(१) दफा ३३ बमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार प्रचलित कानूनले तोकेको अधिकारीलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३६. दरबन्दी सिर्जना गर्न सक्ने :

नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ ।

३७. नियम बनाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियमावली बनाउन सक्नेछ ।

३८. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :

स ऐनको कार्यान्वयनका लागि गाउँपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्न सक्नेछ ।

३९. बाधा अड्काउ हटाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिका कार्यपालिकाले

त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

४०. बचाउ र लागू नहुने :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले विद्यालयको सम्पति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान संघीय तथा प्रदेश कानूनसँग बाझिएको हकमा बाझिएका दफाहरु स्वत: निष्क्रिय हुनेछन् ।

(४) यो ऐन जारी हुन भन्दा अगाडि राप्ती गाउँपालिकाको शिक्षा क्षेत्रमा भए गरेका कामहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

आज्ञाले,
**रामप्रसाद शर्मा**
प्रमुख प्रशासकीय अधिकृत